# पोखरा विश्वविद्यालयसेवा आयोग
## उत्तरपुस्तिका प्रयोग तथा परीक्षा नियमन सम्बन्धी कार्यविधि, २०७९

पोखरा विश्वविद्यालय सेवा आयोग र पुनरावेदन समितिसम्वन्धी नियम २०५७ को नियम ११(४) ले दिएको अधिकार प्रयोग गरी सेवा आयोगले यो उत्तरपुस्तिका प्रयोग तथा परीक्षा नियमनसम्बन्धी कार्यविधि बनाएको छ ।

**परिच्छेद-एक**

**प्रारम्भिक**

१. संक्षिप्त नाम र प्रारम्भः

(क) यी कार्यविधिहरूको नाम ‘‘पोखरा विश्वविद्यालय सेवा आयोगको उत्तरपुस्तिका प्रयोग तथा परीक्षा नियमनसम्बन्धी कार्यविधि, २०७९’’ रहेको छ । यसलाई संक्षेपमा उत्तरपुस्तिकासम्बन्धी कार्यविधि भनिनेछ ।

(ख) यो कार्यविधि तुरुन्त लागू हुनेछ ।

२. परिभाषाः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा;

(क) “विश्वविद्यालय” भन्नाले पोखरा विश्वविद्यालय सम्झनु पर्दछ ।

(ख) “आन्तरिक कार्यविधि” भन्नाले पोखरा विश्वविद्यालय सेवा आयोगको कार्यालयको आन्तरिक कार्यविधि, २०७९ लाईसम्झनु पर्दछ ।

(ग) “ऐन” भन्नाले पोखरा विश्वद्यिालय ऐन, २०५३ सम्झनु पर्दछ ।

(घ) “नियम” भन्नाले पोखरा विश्वद्यिालयका प्रचलित नियमहरूलाई सम्झनु पर्दछ ।

(ङ) “आयोग” भन्नाले पोखरा विश्वद्यिालय सेवा आयोग सम्झनु पर्दछ ।

(च) “अध्यक्ष” भन्नाले पोखरा विश्वद्यिालय सेवा आयोगका अध्यक्षलाई सम्झनु पर्दछ ।

(छ) “सदस्य” भन्नाले पोखरा विश्वद्यिालय सेवा आयोगका सदस्यलाई सम्झनु पर्दछ ।

(ज) “प्रमुख” भन्नाले पोखरा विश्वद्यिालय सेवा आयोगका कार्यालयका प्रमुखलाई सम्झनु पर्दछ ।

(झ) ‘‘उत्तरपुस्तिका’’ भन्नाले वस्तुगत तथा विषयगत परीक्षाको उत्तर लेख्न सेवा आयोगले परीक्षार्थीलाई परीक्षा हल भित्र उपलब्ध गराइएको कागजातलाई सम्झनु पर्दछ।

(ञ) ‘‘परीक्षार्थी’’ भन्नाले सेवा आयोगद्वारा सन्चालन हुने परीक्षामा दरखास्त पेश गरी परीक्षामा सहभागी हुन आयोगद्वारा योग्य ठहरिएका व्यक्तिलाई सम्झनु पर्दछ ।

(ट) ‘‘संङ्केत’’ वा ‘‘चिन्ह’’ भन्नाले प्रश्नले मागेको उत्तर वा चित्र वाहेक अन्य जुनसुकै रेखा,शब्द,अक्षर, वाक्याँश,अङ्क वा चित्र आदिलाई सम्झनु पर्दछ ।


## परिच्छेद-दुई
## उत्तरपुस्तिका प्रयोग गर्दा पालना गर्नुपर्नेहरू कुरा

**२.१. वस्तुगत उत्तरपुस्तिका प्रयोग गर्दा पालना गर्नुपर्ने कुराहरू :**

(क) परीक्षार्थीले वस्तुगत उत्तरपुस्तिकामा उपयुक्त कोठालाई कालो भएको मसी जेल पेन पूरा भर्नु पर्नेछ।

(ख) एकपटक लेखिसके पछि मेटेमा, केरेमा, पुरा नभरेमा,सङ्केत दोहोरो गरेमा उक्त उत्तरलाई गलत उत्तर सरह मानिनेछ।

उदाहरण १:




**२.२. विषयगत उत्तरपुस्तिका प्रयोग गर्दा पालना गर्नुपर्ने कुराहरू ;**


क) परीक्षार्थील विषयगत उत्तरपुस्तिकामा कालो मसीले मात्र लेख्नु पर्नेछ।

(ख) प्रश्नले मागेको ठाउँमा उत्तरको चित्र बनाउनुपर्ने भएमा कालो मसी वा पेन्सिल प्रयोग गर्न सकिनेछ।

(ग) उत्तरपुस्तिकाको दायाँ र वायाँपट्टी कम्तिमा १ इन्च मार्जिन छाडेर लेख्नु पर्नेछ।

(घ) प्रश्न नं.अंकमा मात्र स्पष्ट संग लेख्नु पर्नेछ।

उदाहरण २:


Q.N. 1. Answer
Abcde fghijkl mnop qrst uvwxyz. Abcde fghijkl mnop qrst uvwxyz. Abcde fghijkl mnop qrst uvwxyz. Abcde fghijkl mnop qrst uvwxyz. Abcde fghijkl mnop qrst uvwxyz.
Abcde fghijkl mnop uvwxyz. Abcde fghijkl mnop qrst uvwxyzqrst uvwxyz.

ठिक

प्रश्न नं. २ उत्तर
कखगघ चछजझ टठडढण तथदधन पफबभम। यरलवसषशह क्षत्रज्ञ।
कखगघ चछजझ टठडढण तथदधन पफबभम। यरलवसषशह क्षत्रज्ञ।

(ङ) कुनै प्रश्नको उत्तरको ढाँचामा नै नाम, ठेगाना राख्नु पर्नेमा (भएजस्तैःपाठ योजना, अनुसन्धान प्रस्ताव) नाम र ठेगानाको ठाउँमा खाली राख्नु पर्नेछ।

उदाहरण ३:

Q.N. 1 Answer

Lesson Plan

Name of Teacher: ……………………………

Campus: …………………………………

Topics: zdkndkfllllldx;dfooooooooooooooobdf;sfd;;;;f

### परिच्छेद-तीन
### उत्तर परीक्षण नगरिने वा अङ्क नदिइने

३. देहायको अवस्थामा उत्तर परीक्षण गरिने छैन ।

(क) प्रश्न नं. उल्लेख नगरी उत्तर मात्र लेखेको, वा प्रश्न नं. अस्पष्ट भएको अवस्थामा उक्त उत्तर परीक्षण गरिने छैन ।

उदाहरण ४:

Q.N. . Answer

Abcde fghijkl mnop qrst uvwxyz. Abcde fghijkl mnop qrst uvwxyz. Abcde fghijkl mnop qrst uvwxyz. Abcde fghijkl mnop qrst uvwxyz. Abcde fghijkl mnop qrst uvwxyz.

Abcde fghijkl mnop uvwxyz. Abcde fghijkl mnop qrst uvwxyzqrst uvwxyz.

परीक्षण नगरिने

(ख) प्रश्न नं. एउटा तर उत्तर अर्कै प्रश्नको लेखेको पाईएमा उक्त उत्तरलाई गलत शून्य उत्तर मानी अङ्क दिइनेछ ।

उदाहरण ५:

प्रश्न नं. २ उत्तर

अन्य प्रश्नको उत्तर वा प्रश्न नं. २ संग असम्बन्धित उत्तर

० अंक दिइने


## परिच्छेद-चार

## उत्तरपुस्तिका रद्द गर्ने सम्बन्धी व्यवस्था

४. देहायको जुनसुकै अवस्थामाउत्तरपुस्तिका रद्द गरिनेछ;


(क) उत्तरमा कालो मसी बाहेक अन्य मसी र चित्रमा पेन्सील वा कालो मसीबाहेक अन्य जुनसुकै मसी प्रयोग गरेको पाइएमा ।

उदाहरण ६:





(ख) कालो र निलो मसी मिश्रण गरी लेखेमा ।

उदाहरण ७:




(ग) प्रथम उत्तरपुस्तिकाको पहिलो पेजको (Cover Page) बाहिरपट्टि निर्दिष्ट गरिएको स्थान बाहेक अन्य ठाउँमा आफ्नो नाम, रोल नं. हस्ताक्षर गरेको पाइएमा ।

उदाहरण ८:


Roll No. 112
Abhisekh

Q.N. 1. Answer

Abcde fghijkl mnop qrst uvwxyz. Abcde fghijkl mnop qrst uvwxyz. Abcde fghijkl mnop qrst uvwxyz. Abcde fghijkl mnop qrst uvwxyz. Abcde fghijkl mnop qrst uvwxyz.

Abcde fghijkl mnop uvwxyz. Abcde fghijkl mnop qrst uvwxyzqrst uvwxyz.

रद्द

प्रश्न नं. २ उत्तर

कखगघ चछजझ टठडढण तथदधन पफबभम । यरलवसषशह क्षत्रज्ञ ।


कखगघ चछजझ टठडढण तथदधन पफबभम । यरलवसषशह क्षत्र

(घ) थप उत्तरपुस्तिकामा परीक्षामा खटिएका निरीक्षक वा सह-केन्द्राध्यक्षको हस्ताक्षर नभएको अवस्थामा ।

(ङ) प्रश्नले मागेको बाहेक कुनै पनि चिन्ह वा सङ्केतहरू राखिएको,अनावश्यक वाक्यांशहरू लेखिएको, रेखा वा चित्रहरू कोरिएको, आदि पाईएमा त्यस्ता उत्तरपुस्तिकाहरू रद्द गरिने छन् ।

उदाहरण ९:

उत्तर बाहेक कापीको तल, माथि, दायाँ वा बायाँ कुनै पनि चिन्ह, सङ्केत वा वाक्य वा अङ्क लेखेको भएमा ।


ॐ नमो शिवाय: श्री गणेशाय नम: ॐ हनुमान जी कि, ॐ साइराम

उत्तर शुरु ९८४१६६६६६ ६६६६

ॐ

Q.N. 1. Answer

Abcde fghijkl mnop qrst uvwxyz. Abcde fghijkl mnop qrst uvwxyz. Abcde fghijkl mnop qrst uvwxyz. Abcde fghijkl mnop qrst uvwxyz. Abcde fghijkl mnop qrst uvwxyz.

Abcde fghijkl mnop uvwxyz. Abcde fghijkl mnop qrst uvwxyzqrst uvwxyz.

रद्द


प्रश्न नं. २ उत्तर

कखगघ चछजझ टठडढण तथदधन पफबभम । यरलवसषशह क्षत्रज्ञ ।

कखगघ चछजझ टठडढण तथदधन पफबभम । यरलवसषशह क्षत्रज्ञ ।


Page-1 पेज नं १ P-1

उदाहरण १०:





उदाहरण ११:

उत्तरभित्र नाम, ठेगाना वा असान्दर्भिक वाक्य वा अङ्क लेखेको भएमा पाठ्ययोजना वा Lesson लेख्नु पर्ने भएपनि खालि राख्नु पर्ने छ ।




उदाहरण १२:

प्रश्न नं. लेख्दा प्रश्न नं. बाहेक कुनै चिन्ह, गोलो, कोष्ठ,वा अन्य अन्डरलाइन कुनै चिन्ह लेखेका भएमा ।





उदाहरण १३:

उत्तरपुस्तिकामा दायाँबायाँ बोर्डर तानेमा वा उत्तरमा अन्डरलाइन गरेको भएमा । (तर कुनै वैज्ञानिक नाममा अन्डरलाइन गर्नुपर्ने भएमा सो मान्य हुनेछ ।




उदाहरण १४:

उत्तरमा बुलेट वा स्टार चिन्हहरू प्रयोग गरेमा ।





उदाहरण १५:

नेपाली र अङ्ग्रेजी भाषा मिसाएर प्रश्न नं. लेखेमा ।




उदाहरण १६:

उत्तर भित्र असान्दर्भिक लाइन वा चिन्ह लेखे भएमाको ।




उदाहरण १७:

उत्तरको अन्त्यमा आदि, इत्यादि र कापीको अन्त्यमा समाप्त, The End लगायत अन्य असान्दर्भिक चिन्ह वा शब्द वा बाक्य लेखेको भएमा ।




(ङ) दफा ४ (क), (ख), (ग) र (घ) मा उल्लेख गरिएको बाहेक त्यस्तै प्रकृतिका अन्य कुनै पनि सङ्केत, चिन्ह, रेखा,वाक्य, अक्षर, अङ्क, शब्द उत्तरले मागेको अवस्थामा बाहेक पनिकुनै ठाउँमा लेखेको पाइएमा ।

## परिच्छेद-पाँच
## अनियमितता गर्ने उपर कारवाही सम्बन्धी व्यवस्था

१८. अनियमितता गर्ने उपर कारवाही सम्बन्धी व्यवस्थाः

(क) कुनै पनि परीक्षार्थीले हलमा परीक्षाका लागि खटिएका निरीक्षक, सहायक केन्द्राध्यक्ष, केन्द्राध्यक्ष, पर्यवेक्षक, अनुगमनकर्ता तथा अन्य शिक्षक कर्मचारीलाई परीक्षा केन्द्रभित्र वा बाहिर परीक्षाको समयमा वा परीक्षाको विषयमा केन्द्रित रही अन्य समयमा हातपात गरेमा वा अभद्र व्यवहार गरेमा वा धाक, धम्की देखाएमा उक्त परीक्षार्थीको परीक्षा रद्द गरी कसूरको मात्रा र प्रकृति हेरी एक वर्ष देखि पाँच वर्षसम्म सेवा आयोगबाट लिइने जुनसुकै परीक्षामा सहभागी हुन बन्देज लगाइने छ ।

(ख) परीक्षामा चिट चोरेका वा निषेधित अन्य कार्य गरेको पाइएमा उक्त परीक्षार्थीको परीक्षा रद्द गरी दुई वर्षका लागि सेवा आयोगबाट सन्चालन हुन जुनसुकै परीक्षामा सहभागी हुन बन्देज लगाइने छ ।

## परिच्छेद-छ
## अनियमितता गर्ने उपर कारवाहीको प्रक्रिया

१९. अनियमितता गर्ने उपर कारवाहीको प्रक्रियाः

(क) परीक्षार्थीले परीक्षाहलमा निषेधित गरिएका सामाग्री लगेका वा चिट चोरेको भए उक्त सामाग्री र चिट सहितको मुचुल्का केद्राध्यक्ष केन्द मार्फत सेवा आयोगमा पेश गर्नु पर्नेछ ।

(ख) परीक्षार्थीले परीक्षा केन्द्रभित्र हातापात गरेको वा अभद्र व्यवहार गरेको वा धाक धम्की देखाएको भए सो व्यहोरा खुल्ने मुचुल्का र श्रव्यदृष्य सामग्री उपलब्ध भएमा सो समेत केन्द्राध्यक्ष मार्फत सेवा आयोगमा पेश गर्नुपर्नेछ ।

(ग) परीक्षार्थीले परीक्षा केन्द्र बाहिर परीक्षाको विषयमा केन्द्रित रही अन्य जुनसुकै ठाउँमा हातपात गरेको वा अभद्र व्यवहार गरेको वा धाक धम्की देखाएको भए प्रमाण सहित सम्बन्धित निरीक्षक, सहायक केन्द्राध्यक्ष, केन्द्राध्यक्ष, पर्यवेक्षक, अनुगमनकर्ता तथा अन्य शिक्षक/कर्मचारीले सेवा आयोगमा पेश गर्नु पर्नेछ ।

(घ) सेवा आयोगले प्रमाणको पर्याप्तता हेरी कारवाहीको निर्णय गर्नेछ ।

## परिच्छेद-सात
## विविध

२०. विविधः

(क) यस कार्यविधिमा भएको व्यवस्थाको कार्यान्वयन तथा अनुगमन सेवा आयोगले गर्नेछ ।

(ख) यस कार्यविधिमा उल्लिखित व्यवस्था ऐन, नियम, शिक्षक नियुक्तिको सिफारिससम्बन्धी विनियम र कर्मचारी नियुक्ति तथा बढुवा सम्बन्धी विनियममा उल्लिखित व्यवस्थासंग बाझिएमा बाझिएको हदसम्म स्वतः अमान्य हुनेछ।

(ग) यो कार्यविधि कार्यान्वयन गर्दा कुनै वाधा अड्काउ पर्न आएमा वा स्पष्ट नभएमा आयोगको पूर्ण वैठक (अध्यक्ष एवम् दुवैजना सदस्यहरूको उपस्थितिमा हुने वैठक) ले निर्णय गरे बमोजिम हुनेछ ।